**प्रस्तावहरुः**

२०८१/०८२-१७।०१ अघिल्लो कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयन समिक्षा सम्बन्धमा

२०८१/०८२-१७।०२ गाउँपालिकाबाट नागरिकलाइ उपलब्ध गराउने सेवा प्रवाह प्रभावकारीता वढाउने सम्बन्धमा ।

२०८१/०८२-१७।०३ संघ, प्रदेश लगायतका अन्य कार्यालयहरुबाट प्राप्त पत्र, निर्देशन, सूचना तथा यस कार्यालयबाट भए, गरेका कार्यहरुको जानकारी सम्बन्धमा ।

२०८१/०८२-१७।०४ गाउँपालिका अध्यक्ष लगायत अन्य जनप्रतिनिधि/कर्मचारीहरु उपस्थित भएको कार्यक्रमहरुको बारेमा जानकारी तथा अनुभव आदानप्रदान सम्बन्धमा ।

२०८१/०८२-१७।०५ आर्थिक वर्ष २०८१/०८२ को आय,व्यय सहितको वार्षिक प्रतिवेदन सम्बन्धमा।

२०८१/०८२-१७।०६ आर्थिक वर्ष २०८१/०८२ को समिक्षा तथा आगामी आर्थिक वर्षको वार्षिक कार्ययोजना सम्बन्धमा ।

२०८१/०८२-१७।०७ सार्वजनिक सुनुवाइ सम्बन्धमा।

२०८१/०८२-१७।०८ सेवा करारमा कार्यरत कर्मचारीहरुको करार अवधि सम्बन्धमा ।

२०८१/०८२-१७।०९ दन्त सेवा सुचारू सम्बन्धमा।

२०८१/०८२-१७।१० EV सञ्चालन सहमति सम्बन्धमा ।

२०८१/०८२-१७।११ रूपा गाउँपालिका कास्कीको आर्थिक वर्ष २०८२/०८३ को लागि दररेट कायम सम्बन्धमा ।

२०८१/०८२-१७।१२ विपद् व्यवस्थापन समितिको निर्णय अनुमोदन सम्बन्धमा ।

२०८१/०८२-१७।१३ सडक बालबालिका मुक्त स्थानीय तह घोषणा सम्बन्धमा ।

२०८१/०८२-१७।१४ सडक तथा ढुङ्गा खानीहरुको डिपिआर/पुनर्मुल्याङ्कन सम्बन्धमा ।

२०८१/०८२-१७।१५ रूपा गाउँपालिका कास्कीको भूमि वैङ्क सञ्चालन कार्यविधि संशोधन सम्बन्धमा ।

२०८१/०८२-१७।१६ विविध सम्बन्धमा ।

- रूपा गाउँपालिका २ नं वडा कार्यालयको प्रशासकीय भवनको म्याद थप सम्बन्धमा ।
- रुपा गाउँपालिका कास्कीको प्रशासकीय भवन शिलान्यास सम्बन्धमा ।
- रोयल्टी सम्बन्धमा ।
- म्याद थप सम्बन्धमा ।
- सवारी साधन व्यवस्थापन सम्बन्धमा ।
- अध्ययन अवलोकन सम्बन्धमा ।

**निर्णयहरुः**

**कार्यपालिका निर्णय नं २०८१/०८२-१७।०१**

प्रस्ताव नं २०८१/०८२-१७।०१ उपर छलफल गर्दा १६७औ कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयनको अवस्था बारेमा छलफल तथा समिक्षा गरियो ।

**<u>कार्यपालिका निर्णय नं २०८१/०८२-१७।०२</u>**

प्रस्ताव नं २०८१/०८२-१७।०२ उपर छलफल गर्दा गाउँपालिकाबाट नागरिकलाई उपलब्ध गराउने सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन सार्वजनिक सेवा तथा क्षमता विकास समितिलाई सक्रिय बनाई जनगुनासोका विषयलाई सम्बोधन गरी सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने निर्णय गरियो ।

**<u>कार्यपालिका निर्णय नं २०८१/०८२-१७।०३</u>**

प्रस्ताव नं २०८१/०८२-१७।०३ उपर छलफल गर्दा संघ, प्रदेश तथा अन्य निकायहरुबाट प्राप्त पत्र तथा निर्देशनहरु र कार्यालयमा भए, गरेका कार्यहरुको बारेमा जानकारी गरियो ।

**<u>कार्यपालिका निर्णय नं २०८१/०८२-१७।०४</u>**

प्रस्ताव नं २०८१/०८२-१७।०४ उपर छलफल गर्दा गाउँपालिका अध्यक्ष लगायत अन्य जनप्रतिनिधिहरु उपस्थित भएका तथा यस गाउँपालिकामा भए, गरेका तपसिलका कार्यक्रमहरुको बारेमा जानकारी तथा अनुभव आदानप्रदान गरियो।

तपसिलः

भूमी आयोग

रूपाताल परियोजना

जिल्ला सभा

**<u>कार्यपालिका निर्णय नं २०८१/०८२-१७।०५</u>**

प्रस्ताव नं २०८१/०८२-१७।०५ उपर छलफल गर्दा कार्यालय प्रमुखद्वारा पेस भएको आर्थिक वर्ष २०८१।०८२ को आय, व्यय सहितको वार्षिक प्रतिवेदन उपर छलफल गरी स्वीकृत गरियो ।

**<u>कार्यपालिका निर्णय नं २०८१/०८२-१७।०६</u>**

प्रस्ताव नं २०८१/०८२-१७।०६ उपर छलफल गर्दा आर्थिक वर्ष २०८१/०८२ मा रूपा गाउँपालिका कास्कीबाट सम्पादित कार्य र खर्चको फाँटबारी उपर छलफल तथा समिक्षा गरी आगामी आर्थिक वर्षमा थप प्रभावकारी बनाउदै लैजाने र आगामी आर्थिक वर्षमा सेवा प्रवाह लगायत विकास निर्माणका कार्यहरू समयमै कार्यसम्पादन हुने वातावरण सिर्जनाका लागि योजना बनाएर अगाडि बढ्ने निर्णय गरियो ।

**<u>कार्यपालिका निर्णय नं २०८१/०८२-१७।०७</u>**

प्रस्ताव नं २०८१/०८२-१७।०७ उपर छलफल गर्दा रूपा गाउँपालिका कास्कीको तेस्रो चौमासिक तथा वार्षिक सार्वजनिक सुनुवाइ कार्यक्रम तपसिल बमोजिम सञ्चालन गर्ने निर्णय गरियो।

तपसिल

मितिः २०८२/०४/२३ शुक्रबार

समयः बिहान ११.०० बजेदेखि

स्थानः रुपा ६ भिरचोक

रुपा गाउँपालिका कास्की

**कार्यपालिका निर्णय नं २०८१/०८२-१७।०८**

प्रस्ताव नं २०८१/०८२-१७।०८ उपर छलफल गर्दा तपसिलको निर्णयहरू गरियो।

तपसिलः

क) आर्थिक वर्ष २०८१/०८२ को लागि संघीय ससर्त अनुदान अन्तर्गत र गाउँपालिकाको आन्तरिक स्रोतबाट तलवभत्ता भुक्तानी हुनेगरी सेवा करारमा नियूक्ति भएका कर्मचारीहरूको आगामी आर्थिक वर्षमा सो अन्तर्गतको अनुदान कटौती भएको र आन्तरिक स्रोतको खर्च व्ययभार कम गर्न तपसिलका कर्मचारीहरूको सेवा करार म्याद थप नगर्ने निर्णय गरियो ।

तपसिलः

| क स | नाम थर | पद | तह | तलवभत्ताको स्रोत | कैफियत |
|---|---|---|---|---|---|
| १ | सोनिया सिलवाल | क्षयरोग मुक्त अभियान संयोजक | छैठौं | ससर्त | |
| २ | डा सुदिप पौडेल | पशु चिकित्सक | छैठौं | ससर्त | |
| ३ | अनुराग कुमाल | प्राविधिक सहायक | पाँचौं | ससर्त | रोजगार सेवा केन्द्र |
| ४ | फारूकदिन मिँया | रोजगार सहायक | पाँचौं | ससर्त | |
| ५ | विश्वराज अधिकारी | खापासटे | चौंथो | आन्तरिक | |
| ६ | बसन्त पुरी | कृषि प्राविधिक/नाप्रास | चौथो | आन्तरिक | |
| ७ | सुवास रेग्मी | पशु प्राविधिक/नापसेप्रा | चौथो | आन्तरिक | |

ख) रूपा गाउँकार्यपालिकाको कार्यालयमा बिगतदेखि २०८२ असार मसान्तसम्म सेवा करारमा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन मुल्याङ्कन तथा निजहरुको निवेदनका आधारमा देहायका कर्मचारीहरुको २०८२ पुस मसान्तसम्म म्याद रहने र २०८२ श्रावण ०१ गतेदेखि लागु हुनेगरी म्याद थप गर्ने निर्णय गरियो ।

देहायः

| **क स** | **नाम थर** | **पद तहश्रेणी** | **कैफियत** |
|---|---|---|---|
| १ | डा. सरोज पगेनी | (मेडीकल अधिकृत) आठौं | |
| २ | विरेन्द्र तिवारी | अधिकृत छैठौं (इन्जिनियर ) | शिवचण्डी मोटरबाटो लगायतका अन्य सडकहरू हेर्नेगरी |
| ३ | संजय दत्त ढकाल | अधिकृत छैठौं (रोजगार संयोजक) | |
| ४ | लक्ष्मण पगेनी | अधिकृत छैठौं (सूचना प्रबिधि अधिकृत) | |
| ५ | अशोक परियार | कम्प्युटर अपरेटर | |
| ६ | विधान तिमिल्सीना | सहायक पाँचौ/रेडियोलोजिष्ट | |
| ७ | मिलन घिमिरे | सहायक पाँचौ (हेल्थ असिस्टेन्ट ) | |
| ८ | अनुप बराल | डेन्टल हाइजनिष्ट पाँचौं | |
| ९ | माइती चौधरी | (उद्यम विकास सहजकर्ता) | |
| १० | विमल सुवेदी | नाप्रास | |
| ११ | इश्वरी सुवेदी | फिल्ड सहायक | |
| १२ | चिरञ्जीवि ढुंगाना | सहायक चौथौ /अमिन | भुमिहिन दलित, भुमिहीन सुकुम्बासी र अव्यवस्थित तथा भू उपयोग सम्बन्धी कामकाज गर्नेगरी |

| | | | |
|---|---|---|---|
| १३ | बिबिसा सुवेदी | फार्मेसी सहायक | |
| १४ | मनिशा जोशी | सहायक पाँचौ (अनमी ) | |
| १५ | सुष्मा पोखेल | सहायक चौथौ | |
| १६ | सुन्दर श्रेष्ठ | सहायक चौथौ/ स्वकीय सचिव अध्यक्ष | |
| १७ | दिनेश राज सुवेदी | सहायक चौथौ (अहेव ) | |
| १८ | सुरेश गुरूङ | सहायक चौथौ/स कम्प्यूटर अपरेटर | |
| १९ | सुस्मिता सापकोटा | अहेव चौथो | |
| २० | अस्मिता श्रेष्ठ | अनमी चौथो | |
| २१ | सरस्वती सुवेदी | कम्प्युटर अपरेटर | |
| २२ | सुर्य भक्त खनाल | नाप्रास/पशुसेवा सामाजिक परिचालक | |
| २३ | टोप बहादुर श्रेष्ठ | अ हे व | |
| २४ | शर्मिला थापा | सहायक चौथौ (ल्याव असिष्टेण्ट ) | |
| २५ | पुनम गुरूङ्ग | सहायक चौथौ (ल्याव असिष्टेण्ट) | |
| २६ | प्रियंका गुरुङ्ग | सहायक चौथौ (ल्याव असिष्टेण्ट ) | |
| २७ | वबिता हलिदे | सहायक चौथौ (अनमी ) | |
| २८ | सोनिया श्रेष्ठ | सहायक चौथौ (अहेव ) | |
| २९ | सुशिला बिश्वकर्मा | सहायक चौथौ | |
| ३० | अशु वंशी | सहायक चौथौ | |
| ३१ | कृती वंशी | सहायक चौथौ (अनमी ) | |
| ३२ | निसा आले ढुङ्गेल गुरुङ्ग | सहायक चौथौ (अहेव ) | |
| ३३ | बिनायक खनाल | हेभी सवारी चालक | |
| ३४ | प्रेम वहादुर श्रेत्री | हलुका सवारी चालक | |
| ३५ | राम वहादुर अधिकारी | हलुका सवारी चालक | |
| ३६ | थमन थापा | हलुका सवारी चालक | |
| ३७ | सुवास तिवारी | हलुका सवारी चालक | |
| ३८ | राज कुमार खड्का | कार्यालय सहयोगी | |
| ३९ | मिना न्यौपाने | कार्यालय सहयोगी | |
| ४० | रिता खनाल | कार्यालय सहयोगी | |
| ४१ | विष्णु कुमार श्रेष्ठ | कार्यालय सहयोगी | |
| ४२ | मनोज सुवेदी | कार्यालय सहयोगी | |
| ४३ | श्री वहादुर जि.सी | कार्यालय सहयोगी | |
| ४४ | कमला कुमारी खड्का | कार्यालय सहयोगी | |
| ४५ | कृष्ण माया गुरुङ्ग | कार्यालय सहयोगी | |
| ४६ | ओम कुमारी गुरुङ | कार्यालय सहयोगी | |
| ४७ | नारायण प्रसाद पौडेल | कार्यालय सहयोगी | |
| ४८ | चिरन्जीवी पौडेल | कार्यालय सहयोगी | |
| ३९ | धनपती ओझा | कार्यालय सहयोगी | |
| ५० | भुमाया गुरुङ | कार्यालय सहयोगी | |
| ५१ | रमेश वहादुर आले | कार्यालय सहयोगी | |
| ५२ | ज्योती नेपाली | कार्यालय सहयोगी | |

| | | | |
|---|---|---|---|
| ५३ | अप्सरा थापा | कार्यालय सहयोगी | |
| ५४ | इश्वरी न्यौपाने | कार्यालय सहयोगी | |
| ५५ | चन्द्र कला कूवर | कार्यालय सहयोगी | |
| ५६ | याम कुमारी गुरुङ्ग | कार्यालय सहयोगी | |
| ५७ | शुशिला अधिकारी | कार्यालय सहयोगी | |
| ५८ | सुरज कुमार श्रेष्ठ | कार्यालय सहयोगी | |
| ५९ | सर्वती कुमाल | कार्यालय सहयोगी | |
| ६० | सोविता आले | कार्यालय सहयोगी | |
| ६१ | सरस्वती गौली | कार्यालय सहयोगी | |
| ६२ | केशव ओझा | हे सवारी चालक सहायक | |

ग) यस कार्यालयमा हेभि सवारी चालक सहायक पदमा दैनिक ज्यालादारीमा कार्यरत केशव ओझाको कार्यसम्पादन सन्तोषजनक पाइएकाले निजको कार्यसम्पादनका आधारमा करार अवधि थप गर्ने र २०८२ पुष मसान्तसम्म अवधि रहनेगरी निजसँग कार्यसम्पादन सेवा करार गरी कामकाजमा खटाउने।

**कार्यपालिका निर्णय नं २०८१/०८२-१७।०९**

प्रस्ताव नं २०८१/०८२-१७।०९ उपर छलफल गर्दा नेलम्बो नेपालसँगको सहकार्यमा रूपा गाउँपालिका कास्की अन्तर्गत रूपाकोट अस्पतालबाट मिति २०८२/०४/०१ गतेदेखि निशुल्क दन्तसेवा शुभारम्भ गर्ने।सो कार्यक्रम सञ्चालनका लागि नेलम्बो नेपालको तर्फबाट प्राविधिक जनशक्ति, केही उपचार सामग्री, तथा यातायातको व्यवस्था सहित प्रत्येक महिनामा २ पटक गरी ४ दिन सेवा उपलब्ध गराउने, सो कार्य बापत नेलम्बो नेपालको प्रगती प्रतिवेदनका आधारमा प्रत्येक ३ महिनाको रू १ लाख वा वार्षिक एकमुष्ठ ४ लाख भुक्तानी गर्ने र मिति २०८५ आषाढ मसान्तसम्मको म्याद रहनेगरी नेलम्बो नेपालसँग सम्झौता सहित कार्य अगाडि बढाउने निर्णय गरियो । ।

**कार्यपालिका निर्णय नं २०८१/०८२-१७।१०**

प्रस्ताव नं २०८१/०८२-१७।१० उपर छलफल गर्दा रूपा गाउँपालिकाका स्थानीयबासीलाई यातायातमा सहज पहुँच पुन्याउन रूपाका विभिन्न स्थानहरूबाट तोकिएको समयमा सवारी साधन सञ्चालन हुनेगरी मिति २०८२/०४/०१ गते यातायात सेवा शुभारम्भ गर्ने तथा सवारी साधनहरूलाई रूपा गाउँपालिकाभित्र सञ्चालनार्थ अनुमतिका लागि यातायात व्यवस्था कार्यालय, पोखरालाई सिफारिस गर्ने निर्णय गरियो।

**कार्यपालिका निर्णय नं २०८१/०८२-१७।११**

प्रस्ताव नं २०८१/०८२-१७।११ उपर छलफल गर्दा कास्की जिल्लाले आर्थिक वर्ष २०८२/०८३ को लागि निर्धारित दररेट तथा स्थानीय बजारको विश्लेषणका आधारमा रूपा गाउँपालिका कास्कीको आर्थिक वर्ष २०८२/०८३ को लागि दररेट निर्धारण गरियो।

**कार्यपालिका निर्णय नं २०८१/०८२-१७।१२**

प्रस्ताव नं २०८१/०८२-१७।१२ उपर छलफल गर्दा रूपा गाउँपालिका कास्कीको विपद् व्यवस्थापन समितिको मिति २०८२/०३/२० गतेको बैठकका निर्णयहरू अनुमोदन गरियो ।

**कार्यपालिका निर्णय नं २०८१/०८२-१७।१३**

प्रस्ताव नं २०८१/०८२-१७।१३ उपर छलफल गर्दा राष्ट्रिय बाल अधिकार परिषद् ललितपुरको चलानी नं १७३०, मिति २०८२/०१/२८ को पत्रबमोजिम रूपा गाउँ कार्यपालिकाको कार्यालयबाट मिति २०८२/०२/१९ मा प्रकाशित सूचना अनुसार यस क्षेत्रमा बस्ने सडक बालबालिका भएमा जानकारी हुन सूचित गरिएकोमा सो सम्बन्धी सूचना प्राप्त नभएकाले यस गाउँपालिकालाई सडक बालबालिका मुक्त गाउँपालिका घोषणा गरियो ।

**कार्यपालिका निर्णय नं २०८१/०८२-१७।१४**

प्रस्ताव नं २०८१/०८२-१७।१४ उपर छलफल गर्दा रूपा गाउँपालिका कास्कीको रामकोट रामदी बाटोको डिपिआर/IEE, रुपा गाउँपालिकाका विभिन्न स्थानहरूमा रहेका ढुङ्गाखानीहरूको IEE र रूपा गाउँपालिका कास्कीमा रहेका नदी तथा खोलाहरुको नदिजन्य पदार्थहरूको उत्खननका लागि IEE पुनरावलोकन प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०८१/०८२-१७।१५**

प्रस्ताव नं २०८१/०८२-१७।१५ उपर छलफल गर्दा रूपा गाउँपालिका कास्कीको भूमि बैङ्क सञ्चालन कार्यविधि, २०७७ तपसिल बमजिम संशोधन गरियो ।

तपसिलः

<table>
<tr><th>क्र स</th><th>विद्यमान व्यवस्था</th><th>थप गर्नुपर्ने दफा</th><th>थप गर्नुपर्ने बेहोरा</th><th>कै</th></tr>
<tr><td>१</td><td>थप गर्नुपर्ने</td><td>दफा ७</td><td>
जग्गा छनौट तथा भाडा निर्धारण सिफारिस समिति<br>
१. कार्यक्रम संचालनका लागि माग भए अनुसार प्राप्त भएका निवेदनहरुको छनौटका लागि प्रस्ताव छनौट समितिमा सिफारिस गर्न तपसिलको जग्गा छनौट तथा भाडा निर्धारण सिफारिस समिति गठन हुनेछ ।
<table>
<tr><th>क्र.सं.</th><th></th><th></th><th>संख्या</th></tr>
<tr><td>१</td><td>सम्बन्धित वडाको वडा अध्यक्ष</td><td>संयोजक</td><td>१</td></tr>
<tr><td>२</td><td>सम्बन्धित वडाको टोल विकास संस्थाको अध्यक्ष/प्रतिनिधी</td><td>सदस्य</td><td>१</td></tr>
<tr><td>३</td><td>गाउँपालिकाको अमिन</td><td>सदस्य</td><td>१</td></tr>
<tr><td>४</td><td>सम्बन्धित वडाको कृषि/पशु शाखाको तोकिएको प्राविधिक</td><td>सदस्य</td><td>१</td></tr>
<tr><td>५</td><td>सम्बन्धित वडाको वडा सचिव</td><td>सदस्य सचिव</td><td>१</td></tr>
</table>
२. समितिले सम्बन्धित क्षेत्रका वडा सदस्यहरूलाई आमन्त्रीत सदस्यको रूपमा आमन्त्रण गर्न सक्नेछ ।<br>
३. उक्त समितिले आवेदकहरुबाट प्राप्त हुन आएका आवेदनहरु संकलन गरी सूचनामा माग भएबमोजिमको आवश्यक कागजातहरु रुजु गरी
</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | प्रस्ताव छनौट समितिमा सिफारिस गर्नेछ ।<br>४. समितिले प्राप्त हुन आएका आवेदनहरुबाट जग्गाको स्थलगत अनुगमन गरी जग्गाको उचित भाडादर समेत सिफारिस गर्नेछ । | |

**कार्यपालिका निर्णय नं २०८१/०८२-१७।१६**

प्रस्ताव नं २०८१/०८२-१७।१६ उपर छलफल गर्दा तपसिलका निर्णयहरू गरियो ।

तपसिलः

**क)** ठेक्का नं 5 / Rupa / NCB / WORKS / 2078/ 2079, Construction of Ward no 2 Administrative Building at Rupa Rural Municipality को रूपा गाउँपालिका कास्की र निर्माण व्यवसायी Kasyap Nirwan Sewa and Suppliers Pvt. Ltd विच मिति २०७८।१०।२४ गते भएको सम्झौताअनुसार निर्माण कार्य सूचारु भइ मिति २०८२ असोज मसान्तसम्म म्याद भएको र निर्माण व्यवसायीले बिजुलीको पोल समयमै स्थानान्तरण नगरेको, शिवचण्डी बाटोको ढलानले कार्य अवरोध भएको, क्रसर व्यवसायीहरूको आन्दोलन लगायतका कारण देखाइ तोकिएको समयमा कार्यसम्पन्न गर्न नसिकिने भनि म्याद थपको निवेदन पेस गरेकोमा हाल उक्त भवन निर्माण कार्य नियमित रूपमा भैरहेको र भवन सम्पन्नको चरणमा रहेकाले गाउँपालिकालाई थप आर्थिक व्ययभार नपर्ने गरी मिति २०८२ श्रावण १६ सम्मको लागी म्याद थप गर्ने निर्णय गरियो ।

**ख)** रूपा गाउँपालिका कास्कीको प्रशासकीय भवनको मिति २०८२ साल श्रावण १ गते बिहान ७.३० बजे रूपा ६ फालभञ्ज्याङमा रूपा गाउँपालिका कास्कीका अध्यक्ष श्री नवराज ओझाद्वारा शिलान्यास कार्यक्रम सञ्चालन गर्ने र सोको लागि सम्पुर्ण गाउँसभा सदस्यहरू लगायत स्थानीयबासीलाई उपस्थितिका लागि सूचित गर्ने निर्णय गरियो ।

**ग)** रूपा गाउँपालिका कास्कीको ठेक्का नं 6/RUPA/NCB/WORKS/2080/2081, Upgrading of Shiva Chandi Motor Bato (0+000 to 5+100 Section) सडकको स्तरोन्नतिका क्रममा सडकको Right of Way मा उत्खनन् भएका र हुन सक्ने ढूङ्गाहरूको परिमाण एकिन गरी सो बमोजिम रोयल्टी बापत हुन आउने रकम सहितको प्रतिवेदन पेस गर्न रूपा गाउँ कार्यपालिकाको कार्यालय कास्कीमा कार्यरत इन्जिनियर बिरेन्द्र तिवारीलाई जिम्मेवारी दिने । प्राविधिक प्रतिवेदनका आधारमा ढूङ्गाको रोयल्टी बापतको रकम निर्माण व्यवसायीलाई कार्यालयबाट हुने भुक्तानी मध्ये सो बमोजिमको रकम कट्टा गरी भुक्तानी दिने निर्णय गरियो।

**घ)** रूपा गाउँपालिका कास्कीका विभिन्न स्थानहरूमा आर्थिक वर्ष २०८१/०८२ मा सम्झौता भइ कार्यान्वयमा रहेका तपसिलका योजनाहरूको थप आर्थिक व्ययभार नपर्नेगरी म्याद थप गर्ने निर्णय गरियो ।

तपसिलः

| क स | योजनाको नाम | सम्झौता मिति | अन्तिम मिति | म्याद थप मिति | कै |
|---|---|---|---|---|---|
| १ | सहिद पार्क रूपा ३ कास्की | २०८२/०२/१३ | २०८२/०३/२० | २०८२/०५/३१ | |
| २ | कोट कालिका पुर्वाधार निर्माण रूपा १ | २०८२/०२/०९ | २०८२/०३/२० | २०८२/०८/२९ | |
| ३ | इन्द्र गुफा पुर्वाधार निर्माण रूपा ७ | २०८२/०२/०९ | २०८२/०३/२० | २०८२/०८/२९ | |

ङ) रूपा गाउँपालिका कास्कीको नाममा रहेका बा १ झ ५८६८ को सवारी साधन गाउँपालिका अध्यक्षले प्रयोग गर्दै आएकोमा उक्त सवारी साधन कार्यालय प्रयोजन तथा कर्मचारीहरूले समेत प्रयोग गर्ने तथा ग १ झ ३१९ नं को सवारी साधन गाउँपालिका उपाध्यक्षले प्रयोग गर्नेगरी व्यवस्थापन गर्ने निर्णय गरियो ।

च) अन्य स्थानीय तहमा भए, गरेका असल अभ्यास तथा सफलताहरूको अध्ययन, अवलोकन गरी यस स्थानीय तहमा समेत योजनासहित कार्यक्रमहरूको कार्यान्वयन गर्ने प्रयोजनार्थ स्याङ्जा जिल्लाको कालिगण्डकी गाउँपालिका लगायतका स्थानीय तह, सम्पन्न भएका संघीय तथा प्रादेशिक आयोजनाहरूको अध्ययन, अवलोकन गरी प्रतिवेदन पेस गर्नेगरी प्रमुख प्रशासकीय अधिकृतसहितका कर्मचारीहरूको टोली खटाउने निर्णय गरियो।

मिति २०८२ असार ३२ गते बसेको गाउँ कार्यपालिका बैठकले उपर उल्लिखत निर्णय गरेको व्यहोरा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४, उपदफा २ खण्ड (क), (ज) बमोजिम प्रमाणित गर्दछु।

.. ... .... ... ...

(चिरन्जीवी बराल)

प्रमुख प्रशासकीय अधिकृत

रुपा गाउँपालिका कास्की

रूपा गाउँपालिका